नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**प्रधान कार्यालय**
**मानवश्रोत व्यवस्थापन विभाग**

मिति: २०७४/०९/०४

# सवारी चालक पदमा करार सेवामा भर्ना सम्वन्धी सूचना

यस बैंकमा रिक्त रहेका तह विहिन सवारी चालक पदहरु करारमा पूर्ति गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका, रिक्त रहेका कार्यालय/शाखामा कार्य गर्न इच्छुक तथा कुनै वातकसुर नलागेका योग्य नेपाली नागरिकले आफुले प्राप्त गरेको नागरिकता, तोकिएको शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी र हाल सालै खिचेको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो तथा तोकिएको शुल्क सहित रितपपूर्वक दरखास्त फारम भरी बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी र म्याद नाघी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं. | पद | कार्यालय | रिक्त पद संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| २०७४/७५/०१ | सवारी चालक (करार) | प्रधान कार्यालय | ३ | मान्यताप्राप्त संस्थाबाट कक्षा दश सम्मको अध्ययन र सवारी चालक अनुमती प्राप्त गरी १ वर्षको अनुभव। |
| २०७४/७५/०२ | | भक्तपुर शाखा | १ | |
| २०७४/७५/०३ | | ईटहरी शाखा | १ | |
| २०७४/७५/०४ | | धनगढी शाखा | १ | |
| २०७४/७५/०५ | | सि.अ.हेटौडा | १ | |
| २०७४/७५/०६ | | सिद्धार्थनगर शाखा | १ | |
| २०७४/७५/०७ | | बागलुङ्ग शाखा | १ | |
| २०७४/७५/०८ | | लाहान शाखा | १ | |

**सेवा शर्त र सूविधा :**

| | | | |
|---|---|---|---|
| १. | सेवाको किसिम | : | करार सेवा (२ बर्ष अवधि ) |
| २. | तलब तथा सुविधा | : | बैंकले तोके बमोजिम। |
| ३. | उमेर | : | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। तर महिला उम्मेदवारको हकमा माथिल्लो उमेर हदमा पाँच वर्ष थप हुनेछ। |
| ४. | परीक्षाको किसिम | : | प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता। |
| ५. | परीक्षा कार्यक्रम | | प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता कार्यक्रम र स्थान पछि प्रकाशित गरिनेछ। |
| ६. | दरखास्त फारम बुझाउने स्थान | : | प्रधान कार्यालयको हकमा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभाग, काठमाडौं। |
| | | | शाखाहरुको हकमा सम्वन्धीत शाखा कार्यालयहरु। |
| ७. | दरखास्त बुझाउने अन्तिम मिति | : | यो सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मितिले १५ दिन (२०७४/०९/१८) भित्र। अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट। |
| ८. | दरखास्त तथा परीक्षा शुल्क | : | दरखास्त दस्तुर वापत रु. १००/- (एक सय) र परीक्षा शुल्क वापत रु ३००/- गरी जम्मा रु ४०० (चार सय) ने.बैं.लि. काठमाडौं बैंकिङ्ग अफिस स्थित परीक्षा हिसाव नं. ००२००१००५२२५५९००००01 मा यस बैंकका जुनसुकै शाखाबाट जम्मा गरी सोको सक्कल भौचर दरखास्त फारमका साथ पेश गर्नुपर्नेछ। रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदनकर्ताको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। बैंकको website बाट Download गरेको दरखास्त फारमको हकमा समेत उल्लेखित दरखास्त दस्तुर जम्मा गर्नुपर्नेछ।<br>नोटः रितपुर्वक आवेदन नबुझाउने आवेदकहरुले परीक्षा तथा दरखास्त दस्तुर वापतको रकम बुझाएको खण्डमा उक्त रकम फिर्ता गरिने छैन। |

दरखास्त फारम यस बैंकको website: http//www.nepalbank.com.np बाट Download गर्न सकिनेछ।